Regional News 6: 40 PM 01.02.2026

आकाशवाणी

Union Budget: Desk

केन्द्रीय अर्थमन्त्री श्रीमती निर्मला सीतारामले आज केन्द्रीय बजेट पेश गर्नुभयो। उहाँले पूर्वोदय राज्यहरू र पूर्वोत्तर क्षेत्रमा ध्यान केन्द्रित गरिने बताउनुभएको छ। साथै, उहाँले आफ्नो बजेट भाषणका क्रममा, केन्द्र सरकारलाई दुर्गापुरमा राम्ररी जडित गरिएको नोडसहितको एकीकृत पूर्वी तटीय औद्योगिक करिडोर विकास गर्ने, ५ पूर्वोदय राज्यमा ५ वटा पर्यटन गन्तव्यहरू सिर्जना गर्ने र ४ हजार ई-बस सेवाहरू प्रबन्ध गर्ने प्रस्ताव गर्नुभयो। अर्थमन्त्रीले अरुणाचल प्रदेश, सिक्किम, असम, मणिपुर, मिजोरम र त्रिपुरामा बौद्ध सर्किट विकासका लागि केन्द्र सरकारले योजना सुरु गर्ने पनि बताउनुभयो। यस योजनामा मन्दिर र गुम्बाहरूको संरक्षण, तीर्थयात्रा व्याख्या केन्द्रहरू, कनेक्टिभिटी र कार्यक्रम तीर्थयात्री सुविधाहरू समावेश हुनेछन्।

UDD Minister: IPR

सिक्किम सरकारको शहरी विकास विभागले आज गान्तोकमा पहिलो राज्यस्तरीय **शहरी सम्मेलन २०२६** आयोजना गऱ्यो। शहरी विकास  खाद्य तथा नागरिक आपूर्ति विभागका मन्त्री भोजराज राईले प्रमुख अथिथिका रूपमा सम्मेलनको अध्यक्षता गर्नुभयो। श्री राईले शहरी स्थानीय निकायहरूलाई तोकिएको समयसीमा भित्र बाँकी रहेका कामहरू पूरा गर्नमा ध्यान केन्द्रित गर्न आह्वान गर्नका साथै बजार तथा शहरी केन्द्रहरूमा आवश्यक नागरिक सेवा र सार्वजनिक सुविधाहरूलाई प्राथमिकता दिन आग्रह गर्नुभयो।

यी सत्रहरूको दौरान, अधिकारीवर्ग र प्रतिनिधिहरू शहरी निर्माण कार्य, शहरी वित्त, शहरी योजना, कायाकल्प तथा शहरी रूपान्तरणका लागि अटल मिसन, स्वच्छ भारत मिसन र  गान्तोकमा फोहोर व्यवस्थापन अभ्यासहरूजस्ता प्रमुख क्षेत्रमा केन्द्रित छलफल र प्रस्तुतीहरूमा संलग्न रहे।

## Kashyap Award: Vishnu Neupane

तुलसीराम शर्मा 'कश्यप'प्रतिष्ठान, सिक्किमद्वारा प्रत्येक वर्ष प्रदान गरिँदै आएको **तुलसी 'कश्यप'स्मृति पुरस्कार २०२६**, कथाकार उषा शर्माको कथा सङ्ग्रह 'गन्तव्य'लाई प्रदान गरिने निर्णय गरिएको छ। यो पुरस्कार आगामी 11 तारिखका का दिन नेपाली साहित्य परिषदमा आयोजना हुने तुलसी 'कश्यप'जयन्ती समारोहका अवसरमा प्रदान गरिनेछ। पुरस्कारका रूपमा नगद पुरस्कार, प्रशस्ति पत्र र स्मृति चिन्ह प्रदान गरिनेछ। प्रतिष्ठानले यस पुरस्कारमार्फत समकालीन नेपाली साहित्यका उल्लेखनीय र उत्कृष्ट पुस्तकलाई सम्मान गर्ने उद्देश्य राखेको छ। प्रतिष्ठानले कथा विधामा सशक्त र संवेदनशील अभिव्यक्ति प्रस्तुत गर्ने उषा शर्माको कृति 'गन्तव्य' लाई पुरस्कारका लागि चयन गरिएको जानकारी गराउँदै उहाँलाई हार्दिक बधाई एवं  शुभेच्छा व्यक्त गरेको छ।

## AI–Digital Workshop: IPR

**"इन्डिया एआई–डिजिटल इन्डिया वर्कशप"** विषयक कृतिम बुद्धिमता सम्बन्धी एकदिने कार्यशाला हिजो गान्तोकको चिन्तन भवनमा आयोजित गरियो। यो कार्यशाला सिक्किम सरकारको सूचना प्रविधि विभागले फेब्रुअरी १६ देखि २० सम्म नयाँ दिल्लीमा आयोजित हुने **इन्डिया एआई इम्प्याक्ट समिट २०२६** को पूर्व-कार्यक्रम कार्यशालाका रूपमा आयोजना गरेको थियो। कार्यक्रममा विधायक तथा सिक्किम सरकारका

भूमि राजस्व तथा आपदा व्यवस्थापन, सूचना प्रविधि एवं सूचना तथा जनसम्पर्क विभागका लागि सल्लाहकार एलबी दासको उपस्थिति रहेको थियो। भेलालाई सम्बोधन गर्दै, श्री दासले कृत्रिम बुद्धिमत्ताले राष्ट्रहरूको भविष्यलाई आकार दिइरहेको बताउनुभयो र यसलाई बुद्धिमानी, समावेशी र जिम्मेवार ढङ्गमा अपनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो। साथै, उहाँले इन्डिया एआई मिसनको उल्लेख गर्दै, राज्यका दुर्गम क्षेत्रहरूमा सुशासन, स्वास्थ्य सेवा वितरण, आपदा तयारी, दिगो पर्यटन र सेवाहरूमा पहुँच सुधार गर्न प्रविधिको भूमिकामाथि प्रकाश पार्नुभयो। त्यसैगरी, सूचना प्रविधि अध्यक्षले सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन कृत्रिम बुद्धिमत्ता एक रणनीतिक सक्षमकर्ताका रूपमा देखा परेको बताउँदै, बलियो डिजिटल जग, गुणस्तरीय डेटा, पारदर्शिता र जवाफदेहिताको महत्त्वलाई जोड दिनुभयो। प्राविधिक सत्रहरूमा शिक्षा र उद्योगका विज्ञहरूले कृत्रिम बुद्धिमत्ता र यसको प्रयोगहरूबारे अन्तर्दृष्टि साझा गरे।

Vollyball: Desk

नाम्चीमा एक महिना लामो हिउँदे भलिबल प्रशिक्षण शिविर नयाँ खेलाडीहरूबीच अन्तर-शिविर प्रदर्शनी खेलका साथ समाप्त भयो। सिक्किम भलिबल संघद्वारा आयोजित, यस शिविरले सिक्किम, कालेबुङ र खर्साङका १०० भन्दा बढी युवा सहभागीहरूलाई तालिम दिएको छ, जसको उद्देश्य क्षेत्रभरि तृणमूल स्तरमा भलिबल प्रतिभालाई पोषित गर्नु रहेको थियो। सिक्किम भलिबल संघले मुख्यमन्त्री, संघका प्रमुख संरक्षक र अध्यक्ष, प्रशिक्षार्थीहरूका अभिभावक, सबै शुभचिन्तकहरू र प्रशिक्षकहरूप्रति आभार व्यक्त गरेको छ। the event.

समाचार पूरा भयो।